संघीय संसद

प्रतिनिधि सभा

# उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति

मिति: २०८०/०५/३१, बैठक संख्या: १०

## निर्णय

समितिको आज बसेको बैठकमा दैनिक उपभोग्य वस्तुहरु चीनी, चामल लगायतका खाद्यवस्तुहरुको आपूर्ति व्यवस्थापनका सम्बन्धमा राष्ट्रिय उपभोक्ता मञ्चबाट प्राप्त निवेदन माथि सरोकारवालाहरुसँग छलफल भयो । छलफलमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव श्री मधुकुमार मरासिनी र राष्ट्रिय उपभोक्ता मञ्चका अध्यक्ष प्रेमलाल महर्जन लगायतका सरोकारवालाहरुको उपस्थिति रहेको थियो । बैठकमा भएका छलफलमा आधारमा निम्न बमोजिमको निर्णय गरियो :

१. नजिकिँदै गरेका चाडपर्वको समयमा चीनी, चामल र गहुँ लगायतका अत्यावश्यक वस्तुहरुको अभाव हुन नदिन र मूल्य नियन्त्रण गरी कार्टेलिङ प्रणालीलाई निरुत्साही गर्दै सहज आपूर्ति व्यवस्था मिलाउन र सहुलियत मूल्यमा विक्रि वितरण गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट भंसार महसुल छुटका लागि अर्थ मन्त्रालयमा सहमति माग गरिएकोमा बजारको माग अनुसारको परिमाण सहमति प्राप्न नभएको तर्फ समितिको ध्यानाकर्षण भएको छ । अत: चाडबाडका अवसरमा बजारको माग अनुसारको परिमाणमा उक्त मन्त्रालयबाट माग भएअनुसार मूल्य अभिवृद्धि कर पुरै छुटमा र १ प्रतिशत भन्सार महुसल लिने गरी आयातको सहमति उपलब्ध गराउँन अर्थ मन्त्रालयलाई निर्देशन दिने ।

२. उपभोग्य वस्तुहरुमा हुने मिसावट, कृत्रिम अभाव, कालोबजारी, गैरकानूनी भण्डारण, अस्वभाविक मूल्यवृद्धि जस्ता अनियमित गतिविधि रोक्न उपभोग्य वस्तुहरुको बजार अनुगमन गर्ने कामका लागि पर्याप्त मात्रामा जनशक्ति र श्रोत साधनको व्यवस्था गरी अनुगमन कार्यलाई तदारुकता दिन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन दिने ।

३. नजिकिँदै गरेका चाडपर्व अगाडि देशका विभिन्न स्थानहरुमा पर्याप्त मात्रामा सुपथ मूल्य पसलहरु खोली त्यस्ता पसलहरुमा उपभोक्तालाई सुपथ, सस्तो र गुणस्तरीय उपभोग्य सामानहरु उपलब्ध हुने व्यवस्था मिलाउन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन दिने ।

४. दैनिक प्रयोग हुने अत्यावश्यक वस्तुहरु नुन, चीनी, चामल, दाल, तरकारी, तेल, दुध, पानी, औषधि लगायतका उपभोग्य वस्तुहरुमा दशैं, तिहार, छठ लगायतका पर्वहरुलाई लक्षित गरीहुने कालो बजारी, मूल्यबृद्धि, मिसावट, कृत्रिम अभाव, कार्टेलिङ्ग, सिन्डिकेट, गुणस्तर लगायतका विषयहरुमा देशका विभिन्न स्थानहरुमा यस समितिले स्थलगत अनुगमन गर्ने ।

उक्त अनुगमन कार्यका लागि आवश्यक कार्यविधि निर्माण गरी माननीय सभापतिको नेतृत्वमा समितिका ४ जना माननीय सदस्यहरु र समिति सचिवालयका कर्मचारीहरु सहितको टोलीले अनुगमन गर्नेगरी आवश्यक व्यवस्था मिलाई समितिको आगामि बैठकमा पेश गर्ने ।